# किशोरी सशक्तीकरण कार्यक्रम सञ्चालन मार्गदर्शन पुस्तिका, २०८३

(सामाजिक विकास मन्त्रालयबाट स्वीकृत मितिः २०८३/०४/२८ गते)

## १. पृष्ठभूमिः

नेपालको संविधान र अन्तर्राष्ट्रिय महासन्धिहरूले बालबालिका तथा महिलाको हकलाई मौलिक हकका रूपमा ग्यारेन्टी गरेतापनि समाजमा लैङ्गिक हिंसा र बालविवाह जस्ता कुप्रथाहरू अझै चुनौतीका रूपमा रहेका छन्। हाल देशभरिको लैङ्गिक अनुपात हेर्दा ११४ बालक जन्मिँदा १०० बालिका मात्र जन्मिनुले लिङ्ग पहिचान गरी गरिने असुरक्षित गर्भपतनको डरलाग्दो अवस्थालाई सङ्केत गर्छ, जसको मुख्य कारण छोरीप्रतिको सामाजिक विभेद र तराई क्षेत्रमा व्याप्त दाइजो प्रथा नै हो।

विभिन्न प्रतिवेदनहरूका अनुसार नेपालमा अझै पनि ३५% देखि ४०% किशोरीहरूको विवाह १८ वर्ष नपुग्दै हुने गरेको छ, जसका कारण नेपाल दक्षिण एशियामै बालविवाह उच्च हुने तेस्रो देशमा पर्दछ। विवाहको कानूनी उमेर २० वर्ष तोकिएर सजायको व्यवस्था भए पनि कोशी प्रदेशमा खुला सिमाना, दाइजो/तिलक प्रथा, गरीबी, चेतनाको कमी र सामाजिक सञ्जालको अनियन्त्रित पहुँचका कारण बालविवाहको समस्या गम्भीर छ। यस प्रदेशको दक्षिणी सीमावर्ती क्षेत्रका केहि समुदायमा अभिभावककै पहलमा र उत्तरी भेगमा प्रेम विवाहका कारण बालविवाहको दर उच्च छ। बालविवाहका कारण विशेष गरी किशोरीहरू शिक्षा, प्रजनन् स्वास्थ्य, र आफ्नो भविष्यको निर्णय लिने अधिकारबाट वञ्चित भई घरेलु हिंसा र बहुविवाहको दुष्चक्रमा परिरहेका छन्। किशोरीहरू माथिको विभेद अन्त्य गर्न शिक्षा नै मुख्य प्रवेशद्वार हो। शिक्षित बालिकाहरू नै समाज रूपान्तरणका संवाहक भएकाले, दिगो विकास लक्ष्य (सन् २०३०) को प्रतिबद्धतालाई पूरा गर्न स्थानीय तह मार्फत समुदायस्तरमै यो किशोरी सशक्तिकरण कार्यक्रम कार्यान्वयन गर्न अपरिहार्य देखिएको हुदा लक्षित समुदायका किशोरीहरूको शैक्षिक निरन्तरता सुनिश्चित गर्न, बालविवाह रोक्न, लैंगिक हिंसा अन्त्य गर्न र उनीहरूलाई आत्मनिर्भर बनाई समतामूलक समाज निर्माण गर्न यो कार्यक्रम स्थानीय तहमा कार्यान्वयन गर्न आवश्यक र सान्दर्भिक रहेकोछ।

## २. उद्देश्यः

१. विद्यालयमा अध्ययनरत किशोरीहरूमार्फत विद्यालय र समुदायमा बाल विवाह एवं लैंगिक हिंसा बिरुद्धको सचेतना अभिबृद्धि गर्दै बाल विवाह एवं लैंगिक हिंसा न्यूनीकरणको प्रादेशिक लक्ष्य हासिल गर्नु
२. किशोरीमैत्री वातावरणमा आत्मरक्षा, जीवनोपयोगी सीप र क्षमता विकासमार्फत किशोरीहरूको आत्मसम्मान बढाई सक्षम बनाउनु।
३. बालविवाह तथा लैंगिक हिंसा बिरुद्धका सचेतना अभियानमार्फत किशोर तथा किशोरीहरूको आत्मबल र क्षमता बढाई बालविवाह तथा लैंगिक हिंसा विरुद्ध अधिकार, सुरक्षा र नेतृत्वका लागि सक्षम बनाउनु।

## ३. कार्यक्रम सहजीकरण समिति

(१) कार्यक्रम सहजीकरण समितिको गठन र काम, कर्तव्य तथा अधिकारः (१) कार्यक्रम सञ्चालन भएको स्थानीय तहमा उक्त कार्यक्रम कार्यान्वयनमा सहयोग, समन्वय तथा अनुगमन समेत गर्नका लागि देहाय बमोजिमको एक कार्यक्रम सहजीकरण समिति हुनेछः-

| | | |
|---|---|---|
| (क) | स्थानीय तहका उपप्रमुख/उपाध्यक्ष | - संयोजक |
| (ख) | स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृत | - सदस्य |
| (ग) | स्थानीय तहका शिक्षा शाखाका प्रमुख | - सदस्य |
| (घ) | कार्यक्रम गएका विद्यालयका प्र.अ मध्ये १ जना | - सदस्य |
| (ङ) | कार्यक्रम गएका विद्यालयका फोकल शिक्षक मध्ये १ जना | - सदस्य |
| (च) | स्थानीय तहका महिला बालबालिका शाखा प्रमुख | - सदस्य सचिव |

(२) कार्यक्रम सञ्चालन भएको स्थानीय तहका प्रमुख/अध्यक्ष दफा (१) बमोजिमको समितिको संरक्षक हुनेछन्।

(३) उपदफा (१) बमोजिम समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) बजेट वर्गीकरणः कार्यक्रमका लागि विनियोजित बजेटलाई विद्यालयको संख्या अनुसार बर्गिकरण गर्ने।

(ख) फोकल शिक्षक व्यवस्था: प्रत्येक विद्यालयमा लैङ्गिक सम्पर्क शिक्षक तोक्न लगाउने।

(ग) समन्वय र सहजीकरणः कार्यक्रम कार्यान्वयनका क्रममा आउने व्यावहारिक कठिनाइहरू फुकाउन विभिन्न सरोकारवाला निकायहरू बीच आवश्यक समन्वय र सहयोग गर्ने।

(घ) तथ्याङ्क तथा अभिलेख व्यवस्थापनः पालिकामा रहेका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको खण्डिकृत तथ्याङ्क, बालविवाहका घटना, लैङ्गिक हिंसाका घटना लगायतका सामाजिक सूचकहरुको अभिलेख अध्यावधिक गराउने व्यवस्था मिलाउने।

(ङ) निर्देशन पालनाः कोशी प्रदेश, सामाजिक विकास मन्त्रालयबाट प्राप्त नीतिगत निर्देशनहरूको कार्यान्वयन गर्ने र गराउने।

(च) प्रतिवेदन र रणनीतिः सम्पादित कार्यहरूको त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रतिवेदन तयार गर्न लगाइ अनुमोदन गर्ने र प्राप्त पृष्ठपोषणका आधारमा आगामी वर्षका लागि मन्त्रालयमा सुझाव पेश गर्ने।

## ४. कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्थाः

१. **महिला तथा बालबालिका शाखाको जिम्मेवारी**ः कार्यक्रमलाई नतिजामुखी र प्रभावकारी रूपमा कार्यान्वयन गराउन तथा नियमित अनुगमन, कार्यक्रम सहजिकरण तथा प्रतिवेदन तयार गर्नका लागि स्थानीय तहको महिला तथा बालबालिका शाखा सम्पर्क शाखाको रूपमा रहनेछ।

२. **शिक्षा शाखाको जिम्मेवारी**ः स्थानीय तहको शिक्षा शाखाले स्वीकृत कार्यक्रम अनुसार विद्यालयहरूलाई जिम्मेवार बनाई आवश्यक मार्गदर्शन, समन्वय सहकार्य तथा अनुगमन र प्रतिवेदन तयारमा सहजिकरण गराउनुपर्नेछ।

३. **विद्यालयको जिम्मेवारी**ः स्थानीय तहको निर्देशन अनुसार तोकिएको कार्यक्रम समयसीमा भित्र कार्यान्वयन गर्ने, फोकल शिक्षक तोक्ने र समयसिमाभित्र प्रतिवेदन गर्ने जिम्मेवारी सम्बन्धित विद्यालयको हुनेछ।

**५. बजेट सीमा तथा वित्तीय व्यवस्थापनः**

- प्रति विद्यालय वार्षिक बजेटः रु. ४६,०००/- (अक्षरेपी छयालिस हजार रुपैयाँ मात्र)।
- त्रैमासिक बजेट बाँडफाँडः कार्यक्रमलाई वर्षभरि नै चलायमान र जीवन्त राख्न कुल वार्षिक बजेटलाई प्रथम त्रैमासिकमा रु. १६०००/-(अक्षरेपी सोह्र हजार रुपैयाँ मात्र)। र दोश्रो, तेश्रो तथा चौथो त्रैमासिकमा रु. १०,०००/-(दश हजारका) दरले विभाजन गरी खर्च गर्नुपर्नेछ।
- खर्चको प्रकृतिः यो बजेट मुख्यतः किशोरी समूहका लागि टिशर्ट, प्लेकार्ड, ब्यानर, कापी-कलम, पुरस्कार, चिया-खाजा र सामान्य मसलन्द, तथा स्थानीय स्रोत व्यक्तिको खाजा/यातायातमा खर्चमा गर्न सकिनेछ।

**६. वार्षिक कार्यक्रम र बजेट बाँडफाँडको त्रैमासिक कार्ययोजनाः**

**१) प्रथम त्रैमासिकः संस्थागत जग र आधारभूत साक्षरता**

- बजेट सीमाः रु. १६,०००/-
- स्वीकृत क्रियाकलापहरूः

<u>कृयाकलाप १</u>: **किशोरी समूह गठन तथा पुनर्गठनः** विद्यालयस्तरमा समावेशीकरणको सिद्धान्त बमोजिम सबै जातजाति र भूगोलको प्रतिनिधित्व हुने गरी विद्यार्थी संख्याको आधारमा कक्षा ६ देखि १२ सम्मका न्यूनतम १५ देखि अधिकतम ५१ जना सम्म किशोरी सम्मिलित कार्यसमिति चयन गर्ने(यसमा प्रति विद्यालय ५० देखि १०० जना सम्म किशोरीको संख्या भएमा १५ जना सम्मको कार्य समिति, १०० देखि २०० जना सम्म किशोरीको संख्या भएमा २५ जना सम्मको र २०० भन्दा माथि किशोरीको संख्या रहेमा ५१ जना सम्म राख्न सकिने छ।) यस्तो समुहमा किशोरलाई समेत कार्यक्रमको सहयात्रीको रुपमा राख्न कुल समुह संख्याको बढीमा ३३ प्रतिशतले नबढ्नेगरी किशोरलाई समुहमा समावेश गर्ने तर समूहको नेतृत्व किशोरीकै रहने व्यवस्था गरी किशोरहरुलाई उक्त समूहमा सहयात्रीको भुमिकामा राख्न व्यवस्था मिलाउने ।

समुह पुनर्गठनका लागि विगतमा सामाजिक विकास मन्त्रालय र स्थानीय तहको सहकार्यमा सञ्चालित किशोरी सशक्तीकरण कार्यक्रम बमोजिम समूह गठन भईसकेको विद्यालयमा सोही समूहलाई आवश्यकता अनुसार

माथि उल्लिखित बमोजिम पुनर्गठन गर्ने । र यसरी गठन तथा पुनर्गठन भएको समूहका पदाधिकारीहरुलाई टिशर्ट दिन सकिनेछ। टिशर्टमा बाल विवाह वा लैङ्गिक हिंसा बिरुद्धको नारा वा लोगो राख्नु पर्नेछ।

<u>**कृयाकलाप २: लैंगिक समानता र बालविवाह विरुद्धमा अभिमुखीकरण सत्र:**</u> लैङ्गिक समानता, बालविवाह, समावेशी दृष्टिकोण र यस कार्यक्रमका सम्बन्धमा विद्यालय परिवार, व्यवस्थापन समिति र नवगठित किशोरी समूहलाई अभिमुखीकरण गर्ने। सम्भव भएमा अभिभावकहरुलाई समेत सहभागि गराउन सकिने छ।

<u>**कृयाकलाप ३: (वक्तृत्वकला प्रतियोगिता):**</u> बालविवाह अन्त्य प्रदेश विषयमा आधारित रही "पढ्ने लेख्ने किशोरीको हातः बालविवाह अन्त्यमा कोशी प्रदेशको साथ" बिषयमा अन्तर-विद्यालय प्रतिस्पर्धा गराई वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्ने। यस्तो प्रतियोगिता आवश्यकता अनुसार प्रविधि(भिडियो रेकर्डिङ, अनलाईन माध्यम) मैत्री वा भौतिक उपस्थिति जुन उपयोगि हुन्छ, स्थानीय तह, विद्यालय परिवार, र किशोरी समूहको सामूहिक छलफल र निर्णयबाट गर्न सकिन्छ।

**मापनयोग्य (Measurable) सूचकः**

- गठन भएको समूह संख्या, सहभागी किशोर किशोरी संख्या, टिसर्टको फोटो र बिल, वक्तृत्वकला प्रतियोगितामा सहभागी विद्यार्थी संख्या, विद्यालय परिवार, व्यवस्थापन समिति र अभिभावकको उपस्थिति संख्या र वक्तृत्वकलाका मूल्याङकन कर्ताको भत्ता, उत्कृष्ट प्रतिस्पर्धीलाई पुरस्कार तथा खाजा खर्चको विवरण।

**२) दोस्रो त्रैमासिकः सचेतना, अभिव्यक्ति र सामुदायिक सञ्चार**

- **बजेट सीमाः** रु. १०,०००/-
- **स्वीकृत क्रियाकलापहरूः**

<u>**कृयाकलाप ४: वक्तृत्वकला प्रतियोगिताः-**</u> **"किशोर-किशोरीको अग्रसरताः लैङ्गिक हिंसामा शून्य सहनशीलता"**जस्ता बिषयमा किशोर-किशोरीको तार्किक क्षमता र बुझाइ प्रस्तुत गर्न विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्ने। यस्तो प्रतियोगिता आवश्यकता अनुसार प्रविधि(भिडियो रेकर्डिङ, अनलाईन माध्यम) मैत्री वा भौतिक उपस्थिति जुन उपयोगि हुन्छ, स्थानीय तह, विद्यालय परिवार, र किशोरी समूहको सामूहिक छलफल र निर्णयबाट गर्न सकिन्छ।

<u>**कृयाकलाप ५: (विद्यालय-समुदाय जोडिने सचेतना र्‍याली):**</u> बालविवाह र लैङ्गिक हिंसा विरुद्ध प्लेकार्ड र नारासहित बजार/टोल परिक्रमा गरी समुदायलाई सचेत गराउने। र्‍यालीमा विद्यालय परिवार, अभिभावक र विद्यार्थी सबैको सहभागिता रहनुपर्नेछ। यो कार्यक्रमलाई लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियान (नोभेम्बर २५ देखि डसेम्बर १०)का सन्दर्भमा गर्नु उपयुक्त हुनेछ।

**<u>कृयाकलाप ६: उजुरी पेटिका -Complaint Box स्थापना र सञ्चालन</u>**: विद्यालयमा गोप्य उजुरी सङ्कलन संयन्त्रको सुरुवात र यसको प्रयोग सम्बन्धी विद्यार्थीहरूमा सचेतना जगाउने। उजुरी पेटिकाको जिम्मेवारी लैंगिक सम्पर्क शिक्षकलाई रहनेछ। प्रत्येक साताको शुक्रबार किशोरी समूहको समेत उपस्थितिमा लैंगिक सम्पर्क शिक्षकले उजुरी पेटिका खोली उजुरी भएमा सम्बन्धित निकायमा सम्बोधनका लागि सहजीकरण गर्नुपर्ने छ।

- **मापनयोग्य (Measurable) सूचकः**

  वक्तृत्वकला प्रतियोगिताका वक्ता संख्या, र्यालीको दूरी समेटिएको टोल संख्या, स्थापना भएको उजुरी पेटिका संख्या (१), प्लेकार्ड, ब्यानर, वक्तृत्वकलाका मूल्याङकन कर्ताको भत्ता, उत्कृष्ट प्रतिस्पर्धीलाई पुरस्कार तथा खाजा खर्चको विवरण।

**३) तेस्रो त्रैमासिकः आत्मरक्षा - Self-Defense र जीवन उपयोगि सीप Life Skill प्रतिरक्षा**

- **बजेट सीमाः** रु. १०,०००/-
- **स्वीकृत क्रियाकलापहरूः**

**<u>कृयाकलाप ७: प्रयोगात्मक आत्मरक्षा - Self-Defense तालिमः</u>**

स्थानीय प्रशिक्षक वा महिला प्रहरीको प्राविधिक सहयोगमा किशोरीहरूलाई शारीरिक प्रतिरक्षा (Physical Self-Defense)सम्बन्धी तालिम गराउने। यस्तो तालिममा आधारभूत बिषयमा अभ्यास गराउनुपर्नेछ।

**<u>कृयाकलाप ८: किशोरहरूका लागि "रिस व्यवस्थापन र सकारात्मक पुरुषत्व" सत्रः</u>** विद्यालयमा अध्ययनरत किशोरहरूलाई प्रतिनिधिमूलक सहभागिता गराउदै लैङ्गिक संवेदनशीलता, आचरण सुधार, रिस व्यवस्थापन र सकारात्मक सामाजिक भूमिका सम्बन्धी विशेष काउन्सिलिङ सत्र सञ्चालन गर्ने। यसका लागि स्थानीय तहमा सामी कार्यक्रम अन्तर्गतका रहेका मनोसामाजिक परामर्शकर्ता तथा अन्य परामर्शकर्ताहरु बाट सहजीकरण गराउन सकिन्छ।

**<u>कृयाकलाप ९: समसामयिक घटनामा आधारित "केस स्टडी"ः</u>** घरेलु हिंसा, साइबर अपराध, जिस्क्याउने (Eve-teasing) र सामाजिक सञ्जालको दुरुपयोग जस्ता लैंगिक हिंसाजन्य समस्यामा साना समूहहरू बनाएर समस्या समाधान खोज्ने विश्लेषणात्मक अभ्यासहरु गराउने। बिशेषत: यस्ता अभ्यासहरु विद्यालयमा प्रत्येक शुक्रबार हुने अतिरिक्त कृयाकलापमा जोड्न सकिनेछ।

- **मापनयोग्य (Measurable) सूचकः** आत्मरक्षा **Self-Defense** सिक्ने किशोरी संख्या, रिस व्यवस्थापन सत्रमा सहभागी किशोर संख्या, मनोसामाजिक परामर्श दिएका बिषयहरु र कार्यशालामा विश्लेषण गरिएका केसहरूको संख्या तथा स्वीकृत खर्च भर्पाई।

४) चौथो त्रैमासिकः जीवन उपयोगी सीप, मूल्याङ्कन र दिगोपना

- **बजेट सीमाः** रु. १०,०००/-
- **स्वीकृत क्रियाकलापहरूः**

**कृयाकलाप १० ("जीवन उपयोगी सीप" तालिम):** किशोर किशोरी अवस्थामा हुने शारिरिक परिवर्तन, महिनावारी स्वच्छता, लागुपदार्थ दुर्व्यसनीबाट बच्ने उपाय, किशोर किशोरीको आफ्नो सबल र दुर्बल पक्ष पहिचान गरी भविष्यको लक्ष्य निर्धारण सम्बन्धी १ दिने समूह छलफल वा भुमिका अभिनय (Role Play) वा खेल तथा चित्रकला जस्ता रचनात्मक सत्र सञ्चालन गर्ने।

**कृयाकलाप ११ (संवाहक/सहजकर्ता र उत्कृष्ट विद्यार्थी पहिचान तथा प्रोत्साहन):** वर्षभरि कार्यक्रममा उत्कृष्ट कार्य गर्ने किशोर, किशोरी र सहजकर्ता/सहयोगी शिक्षकलाई पुरस्कार तथा प्रशंसापत्र वितरण गर्ने।

**कृयाकलाप १२ (वार्षिक समीक्षा बैठक तथा प्रतिवेदन तयारी):** वर्षभरिको सिकाई र खर्चको हरहिसाब सहित अन्तिम एकीकृत वार्षिक प्रगति प्रतिवेदन लेखन तथा समीक्षा बैठक गर्ने।

- **मापनयोग्य (Measurable) सूचकः** सीप सिक्ने कुल विद्यार्थी संख्या, पुरस्कृत संख्या, र तयार भएको एकीकृत वार्षिक प्रगति प्रतिवेदन (१)।

७. अनुगमन, भुक्तानी तथा प्रतिवेदन प्रणाली

**१.प्रस्तुत कार्यक्रम संघीय सरकारको विशेष अनुदान अन्तर्गत सञ्चालित भएकाले यसको वित्तीय र प्रशासनिक उत्तरदायित्व पूर्ण रूपमा सञ्चालित कार्यक्रमको नतिजामा आधारित हुनेछ।**

- सम्बन्धित स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रका कक्षा ६–१२ सञ्चालित प्रत्येक सामुदायिक विद्यालयसँग कार्यक्रम कार्यान्वयनका लागि अनिवार्य सम्झौता गर्नुपर्नेछ।
- त्रैमासिक बजेट निकासाको सर्तः प्रत्येक त्रैमासिक अवधिमा तोकिएका कार्यक्रमहरू सम्पन्न गरी अनुसूची बमोजिमको भौतिक प्रगति प्रतिवेदन र प्रमाणित खर्च विवरण पेस गरेपश्चात मात्र आगामी त्रैमासिकको बजेट निकासा गरिनेछ। अघिल्लो त्रैमासिकको खर्च प्रतिवेदन प्राप्त नभई आगामी त्रैमासिकको बजेट निकासा वा भुक्तानी प्रक्रिया पूर्ण रूपमा रोकिनेछ।
- बजेट व्यवस्थापन गर्दा प्रथम त्रैमासिकका लागि रु. १६,०००/- (अक्षरेपी सोर्ह हजार रुपैयाँ) र बाँकी तीन त्रैमासिकका लागि प्रति त्रैमासिक रु. १०,०००/- (अक्षरेपी दश हजार रुपैयाँ) का दरले प्रत्येक विद्यालयलाई वार्षिक कुल **रु. ४६,०००/- (अक्षरेपी छयालिस हजार रुपैयाँ)** भुक्तानी वा सोधभर्ना गरिनेछ।

२. वित्तीय अनुशासन, स्वीकृत मापदण्ड र कानुनको पालनाः

- संघीय विशेष अनुदान अन्तर्गतको बजेट खर्च गर्दा प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, नियमावली र कोशी प्रदेश सरकारको **'सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र**

**मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९'** को पूर्ण पालना गरी उच्च वित्तीय अनुशासन कायम गर्नुपर्नेछ।

- कार्यक्रमको प्रकृति र उद्देश्य विपरीत हुने गरी स्वीकृत मापदण्ड बाहेकका अन्य प्रशासनिक वा आन्तरिक खर्चमा यस बजेटको रकम रकमान्तर वा उपयोग गर्न पाइने छैन। सम्पादन भएका कार्यहरूको आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रचलित कानुन बमोजिम गराउनुपर्नेछ।

**८. अपेक्षित उपलब्धी र सूचकः**

**१. नतिजा सूचकहरू (Performance Indicators):**

- स्वीकृत वार्षिक कार्ययोजना बमोजिम विद्यालयस्तरमा वर्षभरि सञ्चालन भएका न्यूनतम १२ वटा सचेतनामूलक तथा क्षमता विकास कार्यक्रमहरू।
- कार्यक्रम र अभियानहरूबाट प्रत्यक्ष लाभान्वित भएका किशोर–किशोरीहरूको कुल सङ्ख्या (लैङ्गिक विवरण सहित)। किशोरी सशक्तीकरण समूह गठन र सक्रिय रुपमा परिचालित ।
- विद्यालयहरूमा 'उजुरी पेटिका' को स्थापना, नियमित अनुगमन, प्राप्त उजुरीहरूको सङ्ख्या र फछ्र्यौट/सम्बोधन स्थिति।
- स्थानीय तहमा पेस गरिएको वार्षिक भौतिक तथा वित्तीय प्रगति समेटिएको एकीकृत कार्यसम्पादन प्रतिवेदन।

**२. अपेक्षित उपलब्धिहरू (Expected Outcomes):**

- विद्यालय स्तरमा किशोर–किशोरीहरू वर्षभरि नै रचनात्मक, सिर्जनात्मक र सामाजिक रूपान्तरणका गतिविधिमा सक्रिय रूपमा सहभागी हुनेछन्।
- लक्षित वर्गमा नेतृत्व क्षमता, अधिकारमुखी सचेतना र दिगो जीवनोपयोगी सीप (Life Skills) को विकास हुनेछ।
- विद्यालयहरू लैङ्गिक हिंसामुक्त, सुरक्षित, समावेशी र बाल–मैत्री सिकाइ केन्द्रको रूपमा स्थापित हुनेछन्।
- बालमैत्री स्थानीय तह घोषणाका अधिकतम सूचकमा सकारात्मक उपलब्धी प्राप्त हुनेछन।

## अनुसूची-१

## विद्यालयले स्थानीय तहलाई किशोरी सशक्तीकरण कार्यक्रमकको बार्षिक/त्रैमासिक प्रगति प्रतिवेदन गर्ने ढाँचा

१. सामान्य विवरण

- विद्यालयको नामः ..........................................................
- पालिका/वडा नंः ............................................................
- प्रतिवेदन अवधि (त्रैमासिक/बार्षिक): ......................................
- सम्पर्क व्यक्ति (लैंगिक सम्पर्क शिक्षक): .........................

२. लक्ष्य र प्रगति विवरण

| क्र.सं. | क्रियाकलाप | सहभागी/लाभान्वित सङ्ख्या | खर्च भएको रकम (रु.) | मुख्य उपलब्धिहरू | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**नोट मुख्य उपलब्धिहरू (बुँदागत रूपमा छोटो)**

- उदाहरणः बाल विवाह र लैंगिक हिंसा विरुद्ध किशोरीहरूले नेतृत्व लिएर सचेतना अभियान चलाए।
- उदाहरणः आत्मरक्षा तालिममार्फत किशोरीहरूको आत्मविश्वासमा वृद्धि भएको।

४. समस्याहरू

- .........................................................................................

५. सुझावहरु

- .........................................................................................

प्रतिवेदन तयार गर्नेः

फोकल शिक्षक

(हस्ताक्षर/छाप)

स्वीकृत गर्ने (प्रधानाध्यापक):

(हस्ताक्षर/छाप)

## अनुसूची - २

## स्थानीय तहले मन्त्रालयमा किशोरी शसक्तीकरण कार्यक्रमको त्रैमासिक/बार्षिक प्रगति प्रतिवेदन पेस गर्ने ढाँचा

१. प्रतिवेदन सम्बन्धी सामान्य विवरणः

- स्थानीय तहको नामः ...................................................
- जिल्लाः ...................................................
- प्रतिवेदन अवधि (त्रैमासिक): प्रथम / दोस्रो / तेस्रो / चौथो (उचित विकल्पमा ठिक ✓ चिन्ह लगाउने)
- आर्थिक वर्षः .................................
- कार्यक्रम गएका विद्यालयको संख्या:
- यस त्रैमासिकका लागि कुल विनियोजित बजेट (रु.): .................................
- यस त्रैमासिकको कुल कुल खर्च (रु.): .................................

**२. कार्यक्रम कार्यान्वयन तथा भौतिक प्रगतिको विवरणः**

| क्र. स. | कार्यक्रम सञ्चालित विद्यालयको नाम | क्रियाकलापहरू | क्रियाकलाप सम्पन्न भएको मिति | सहभागी/लाभान्वित सङ्ख्या | खर्च भएको रकम (रु.) | मुख्य नतिजा तथा उपलब्धिहरू |
|---|---|---|---|---|---|---|
| १ | | १. समूह गठन/पुनर्गठन | | | | |
| | | २. GESI अभिमुखीकरण | | विद्यार्थीः<br>शिक्षकः<br>अभिभावकः | | |
| | | ३.वक्तृत्वकला प्रतियोगिता | | सहभागी समूहः | | |
| २ | | ४.वक्तृत्वकला प्रतियोगिता | | वक्ता सङ्ख्याः | | |
| | | ५. सचेतना ऱ्याली | | कुल सहभागीः | | समेटिएको टोल/बजारः ...... |
| | | ६. उजुरी पेटिका स्थापना | | उजुरी संख्याः | | |
| ३ | | ७. आत्मरक्षा (Self-Defense) | | किशोरी सङ्ख्याः | | प्रशिक्षकको विवरणः ............ |
| | | ८. रिस व्यवस्थापन सत्र | | किशोर सङ्ख्याः | | प्रशिक्षकको विवरणः ...................... |
| | | ९. केस स्टडी कार्यशाला | | सहभागी सङ्ख्याः | | छलफल गरिएका केस संख्याः ........ |

| क्र. स. | कार्यक्रम सञ्चालित विद्यालयको नाम | क्रियाकलापहरू | क्रियाकलाप सम्पन्न भएको मिति | सहभागी/लाभान्वित सङ्ख्या | खर्च भएको रकम (रु.) | मुख्य नतिजा तथा उपलब्धिहरू |
|---|---|---|---|---|---|---|
| ४ | | १०. जीवन उपयोगी सीप सत्र | | कुल विद्यार्थीः<br>किशोरीः<br>किशोरः | | |
| | | ११. प्रोत्साहन तथा पुरस्कार | | पुरस्कृत सङ्ख्याः | | |
| | | १२. वार्षिक समीक्षा र प्रतिवेदन | | - | | वार्षिक प्रतिवेदन तयार भएको/नभएकोः ... |

(नोटः स्थानीय तह अन्तर्गत जति वटा विद्यालयमा कार्यक्रम सञ्चालन भएको छ, सोही अनुसार विद्यालयको नाम थप गरी विवरण भर्नुपर्नेछ।)

**३. आर्थिक प्रगतिको सारांशः**

| चालु त्रैमासिक सम्मको कुल प्राप्त बजेट (रु.) | चालु त्रैमासिक सम्मको कुल खर्च (रु.) | बाँकी/मौज्दात बजेट (रु.) | बजेट फछ्र्यौट तथा सङ्कलन भएको स्रेस्ताको अवस्था (प्रतिवेदन साथ बिल/भर्पाई र प्रतिवेदन संलग्न छ/छैन |
|---|---|---|---|
| | | | |

**४. कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका मुख्य चुनौती, सिकाइ र सुझावहरू :**

- चुनौतीहरूः ..........................................................................................................................
- सिकाइ तथा सुझावहरुः ............................................................................................................

<u>प्रतिवेदन पेस गर्ने अधिकारीको विवरणः</u>

| तयार गर्ने | रुजु गर्ने | प्रमाणित गर्ने |
|---|---|---|
| (महिला वालवालिका शाखा प्रमुख)ः | (शिक्षा शाखा प्रमुख)ः | (प्रमुख प्रशासकीय अधिकृत)ः |
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नामः | नामः | नाम |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |
| दस्तखतः | दस्तखतः | दस्तखतः |

कार्यालयको छापः

## अनुसूची-३

## किशोरी सशक्तीकरण समूहको काम, कर्तव्य र अधिकारः

**१. लैङ्गिक हिंसा विरुद्ध सचेतना र वकालतः** विद्यालय र समुदायस्तरमा हुने बालविवाह, बलात्कार, यौनजन्य दुर्व्यवहार र डिजिटल माध्यमबाट हुने हिंसा (Cyber bullying) विरुद्ध सचेतनामूलक अभियान सञ्चालनका लागि फोकल शिक्षकलाई सहयोग गर्ने।

**२. उजुरी, गोपनीयता र सहजीकरण संयन्त्रः** विद्यालयमा स्थापना गरिएको "उजुरी पेटिका" को नियमित अनुगमन र व्यवस्थापनमा फोकल शिक्षकसँग समन्वय गर्ने। लैंगिक हिंसा वा पीडामा परेका किशोरीहरूको पूर्ण गोपनीयता कायम राख्दै उनीहरूलाई मनोसामाजिक परामर्श (Counseling) प्रदान गर्न वा कानुनी उपचारका लागि स्थापित संयन्त्रहरू (जस्तैः राष्ट्रिय महिला आयोगको हेल्पलाइन ११४५, बालबालिका खोजतलास केन्द्रको १०४, बाल हेल्पलाईन १०९८ र नेपाल प्रहरीको १००) मा सुरक्षित र गोप्य रूपमा सहजीकरण गर्ने।

**३.आत्मरक्षा र सिकाइः** किशोरीहरूको आत्मविश्वास अभिवृद्धिका लागि विद्यालयले सञ्चालन गर्ने आत्मरक्षा (Self-defense) सम्बन्धी अभिमुखीकरण तथा तालिम र सचेतना सत्रहरूमा सक्रिय रुपमा भाग लिने।

**४.सामुदायिक निगरानीः** गाउँ/टोलमा हुनसक्ने बालविवाह र किशोरी वा महिला माथि हुने लैंगिक हिंसाका घटनाहरूको पहिचान गरी स्थानीय तह, वडा समिति र नागरिक समाजसँग नेटवर्क बनाई निगरानी बढाउने।

**५.सुरक्षित प्रविधिको प्रयोगः** साइबर बुलिङ, अनलाइन ह्याकिङ, वा अपरिचित व्यक्तिबाट हुनसक्ने डिजिटल ठगी र हिंसाबाट बच्ने उपायहरू सम्बन्धी प्रविधिमैत्री अभिमुखीकरण सञ्चालनमा गर्न विद्यालयसंग समन्वय गर्ने।

**६. निरन्तर पैरवीः** बालविवाह र लैंगिक हिंसा बिरुद्धका बिषयमा निरन्तर पैरवी गर्ने।

## अनुसूची-४

### कोशी प्रदेशका १३७ स्थानीय तहहरुमा संघीय विशेष अनुदान अन्तर्गत विनियोजन भएको बजेट तथा कार्यक्रम

बजेट उपशीर्षक नं. ३५०००१३०

| क. सं. | कार्यालय | ख.शी.नं. | आयोजना / कार्यक्रम | रकम (रु हजारमा) |
|---|---|---|---|---|
| १ | फुङलिङ नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३६८ |
| २ | त्रियुगा नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ११०४ |
| ३ | कचनकवल गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४६० |
| ४ | शिवसताक्षी नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ५५२ |
| ५ | मेचीनगर नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ७८२ |
| ६ | भद्रपुर नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३६८ |
| ७ | विर्तामोड नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४१४ |
| ८ | दमक नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४६० |
| ९ | गौरादह नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४६० |
| १० | कन्काई नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३२२ |
| ११ | अर्जुनधारा नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४१४ |
| १२ | लिम्चुङबुङ गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | २३० |
| १३ | रौतामाई गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ६९० |
| १४ | ताप्ली गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | २७६ |
| १५ | उदयपुरगढी गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ५५२ |
| १६ | बेलका नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ६४४ |
| १७ | चौदण्डीगढी नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ८७४ |
| १८ | गौरिगंज गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | १८४ |
| १९ | कटारी नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ८७४ |
| २० | सुनकोशी गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ५९८ |
| २१ | लिखु गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३६८ |
| २२ | मोलुङ गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४६० |
| २३ | मानेभञ्ज्याङ गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३६८ |
| २४ | चिसंखुगढी गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३२२ |
| २५ | चम्पादेवी गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४१४ |

| क्र. सं. | कार्यालय | ख.शी.नं. | आयोजना / कार्यक्रम | रकम (रु हजारमा) |
|---|---|---|---|---|
| २६ | खिजिदेम्बा गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३२२ |
| २७ | सिद्धिचरण नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ६९० |
| २८ | आठराई त्रिवेणी गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३२२ |
| २९ | लिखुपिके गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | १३८ |
| ३० | महाकुलुङ गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | १३८ |
| ३१ | नेचासल्यान गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | २७६ |
| ३२ | थुलुङ दुधकोशी गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४६० |
| ३३ | कमल गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४६० |
| ३४ | झापा गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | २३० |
| ३५ | खुम्बु पासाङल्हामु गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | १३८ |
| ३६ | धनपालथान गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३२२ |
| ३७ | हरिनगर गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | २३० |
| ३८ | भोक्राहा नरसिंह गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | १८४ |
| ३९ | बर्जु गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | २७६ |
| ४० | देवानगञ्ज गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३२२ |
| ४१ | गढी गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | २३० |
| ४२ | कोशी गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | २७६ |
| ४३ | रामधुनी नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४६० |
| ४४ | बराह नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ८२८ |
| ४५ | दुहबी नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | २७६ |
| ४६ | इनरुवा नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३६८ |
| ४७ | धरान उप-महानगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ९२० |
| ४८ | इटहरी उप-महानगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ९६६ |
| ४९ | मिक्लाजुङ गाउँपालिका, मोरङ | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३२२ |
| ५० | बुढीगंगा गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | २७६ |
| ५१ | जहदा गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४१४ |
| ५२ | बाह्रदशी गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | २७६ |
| ५३ | रंगेली नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ५९८ |
| ५४ | बुद्धशान्ति गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४१४ |

| क्र. सं. | कार्यालय | ख.शी.नं. | आयोजना / कार्यक्रम | रकम (रु हजारमा) |
|---|---|---|---|---|
| ५५ | हल्दिबारी गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | २७६ |
| ५६ | विराटनगर महानगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | १०५८ |
| ५७ | उर्लाबारी नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४६० |
| ५८ | पथरी शनिश्चरे नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ५०६ |
| ५९ | बेलबारी नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ५५२ |
| ६० | रतुवामाई नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ५९८ |
| ६१ | ग्रामथान गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३६८ |
| ६२ | लेटाङ नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४६० |
| ६३ | सुनवर्षी नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३२२ |
| ६४ | सुन्दरहरैंचा नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ५०६ |
| ६५ | कटहरी गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | १३८ |
| ६६ | कानेपोखरी गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३६८ |
| ६७ | केराबारी गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४६० |
| ६८ | दुधकोशी गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३२२ |
| ६९ | सोताङ गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | २३० |
| ७० | रोलुदुधकुण्ड नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४६० |
| ७१ | देउमाई नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३२२ |
| ७२ | चिचिला गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | १८४ |
| ७३ | मादी नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३६८ |
| ७४ | पाँखपन नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४१४ |
| ७५ | धर्मदेवी नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३६८ |
| ७६ | चैनपुर नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४१४ |
| ७७ | साकेला गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | २७६ |
| ७८ | सन्दकपुर गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | २७६ |
| ७९ | रोङ गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४१४ |
| ८० | माङसेबुङ गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३२२ |
| ८१ | माईजोगमाई गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३६८ |
| ८२ | फाकफोकथुम गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ५०६ |
| ८३ | चुलाचुली गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३६८ |

| क्र. सं. | कार्यालय | ख.शी.नं. | आयोजना / कार्यक्रम | रकम (रु हजारमा) |
|---|---|---|---|---|
| ८४ | सूर्योदय नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ६४४ |
| ८५ | माई नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४६० |
| ८६ | इलाम नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ५९८ |
| ८७ | मकालु गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | १३८ |
| ८८ | पाथिभरा याङवरक गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | २७६ |
| ८९ | फक्ताङलुङ गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४१४ |
| ९० | मिक्वाखोला गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | १८४ |
| ९१ | मेरिङदेन गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३२२ |
| ९२ | मैवाखोला गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | २३० |
| ९३ | सिदिङ्वा गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | २७६ |
| ९४ | सिरिजंघा गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४६० |
| ९५ | फिदिम नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ९२० |
| ९६ | हिलिहाङ गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ५०६ |
| ९७ | याङवरक गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३२२ |
| ९८ | कुम्मायक गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | २३० |
| ९९ | तुम्बेवा गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | २७६ |
| १०० | फालेलुङ गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ६४४ |
| १०१ | फाल्गुनन्द गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ५०६ |
| १०२ | मिकलाजुङ गाउँपालिका पाँचथर | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ५०६ |
| १०३ | भोटखोला गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ९२ |
| १०४ | खाँदबारी नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ६४४ |
| १०५ | सभापोखरी गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | १८४ |
| १०६ | रामप्रसादराई गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३२२ |
| १०७ | हतुवागढी गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | २३० |
| १०८ | दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ९६६ |
| १०९ | हलेसी तुवाचुङ नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ५५२ |
| ११० | ऐसेलुखर्क गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३६८ |
| १११ | केपिलासगढी गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४१४ |
| ११२ | खोटेहाङ गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ५०६ |

| क. सं. | कार्यालय | ख.शी.नं. | आयोजना / कार्यक्रम | रकम (रु हजारमा) |
|---|---|---|---|---|
| ११३ | जन्तेढुङ्गा गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | २७६ |
| ११४ | दिप्रुङ चुइचुम्मा गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ६४४ |
| ११५ | सिलिचोङ गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | २७६ |
| ११६ | रावाबेसी गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३२२ |
| ११७ | बराहपोखरी गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | २७६ |
| ११८ | पौवादुङ्मा गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | २७६ |
| ११९ | ट्याम्केमैयुङ गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४१४ |
| १२० | आमचोक गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३२२ |
| १२१ | अरुण गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३२२ |
| १२२ | षडानन्द नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ५९८ |
| १२३ | धनकुटा नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४१४ |
| १२४ | म्याङलुङ नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | २७६ |
| १२५ | लालीगुराँस नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४६० |
| १२६ | आठराई गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४१४ |
| १२७ | छथर गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४१४ |
| १२८ | फेदाप गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ३६८ |
| १२९ | मेन्छ्यायेम गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | १८४ |
| १३० | पाख्रिबास नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४१४ |
| १३१ | भोजपुर नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४६० |
| १३२ | मशमलक्ष्मी नगरपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ७८२ |
| १३३ | शहिदभूमि गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४१४ |
| १३४ | चौबिसे गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ५०६ |
| १३५ | छथर जोरपाटी गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४६० |
| १३६ | साँगुरीगढी गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | ४६० |
| १३७ | साल्पासिलिछो गाउँपालिका | २२५२२ | किशोरी सशक्तिकरण कार्यक्रम | २७६ |
| | **जम्मा** | | | **५,७५,९२** |